नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)


पत्र सं.: २०८१/०८२

चलानी नं.:- ४४०

मितिः-२०८१/१०/०२

नेपाल संवत् ११४५

विषयः- राय/सुझाव उपलब्ध गराउने सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको च.नं. ५६९, मिति २०८१/०९/२८ र च.नं. ५७४, मिति २०८१/०९/२९ को राय/सुझाव उपलब्ध गराउने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

**नोटः- माग बमोजिमको विवरण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको ईमेल ठेगाना (info@nnrfc.gov.np) मा उपलब्ध गराई दिनुहोला।**

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गराइदिनुहुन।

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission


प.सं. ०८१।८२
च.नं./Ref: ५६४

मितिः २०८१/०९/२९
ने.स. ११४५ पोहेलाथ्व १५ सोमबार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन म...
दर्ता नं.:- २४६२
दर्ता मितिः- ९/२९

विषयः सहजीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड अनुपातको पुनरावलोकन सम्बन्धमा यस आयोगले सबै स्थानीय तहलाई लेखेको पत्रको प्रतिलिपि यसै पत्रसाथ संलग्न छ । उक्त पत्र तहाँबाट सबै स्थानीय तहलाई उपलब्ध गराइदिने सहजीकरणका लागि आदेशानुसार अनुरोध छ ।

(बिनीता भट्टराई)
उपसचिव

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission


प.सं. ०८१/०८२
च.नं./Ref: ४६९

सङ्घीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- 2463
दर्ता मिति:- 9/29

मितिः २०८१/९/२८
ने.स.११४५ पोहेलाथ्व चतुर्दशी, आइतबार

श्री सबै स्थानीय तह ।

विषयः राय/सुझाव उपलब्ध गराउने सम्बन्धमा ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सम्बन्धित प्रदेश र स्थानीय सरकारमा बाँडफाँटको लागि नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ । अन्तर सरकारी वित्त व्यवस्थापन-ऐन, २०७४ को दफा (७) सँग सम्बन्धित अनुसूची ४-बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारमा बाँडफाँट गरिने प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा क्रमशः ५०:२५:२५ प्रतिशत रहेको छ । सोही ऐन बमोजिम रोयल्टी बाँडफाँडको उक्त अनुपात यस आयोगको सिफारिसमा प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्न नेपाल सरकारलाई सिफारिस गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। हाल सो अनुपातको पुनरावलोकन सम्बन्धमा आयोगले सम्बन्धित सरोकारवालासँग छलफल तथा अन्तरक्रिया पश्चात **'प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँडको विद्यमान संरचनाको पुनरावलोकन सम्बन्धी अध्ययन प्रतिवेदन'** तयार गरेको छ। प्रतिवेदनको मुल प्रति आयोगको वेवसाईटमा राखिएको छ । रोयल्टी बाँडफाँड सम्बन्धी विद्यमान कानूनी व्यवस्था र अध्ययन प्रतिवेदनको मुख्य विवरण पत्रसाथ संलग्न छ। सो सम्बन्धमा तहाँबाट ७ दिन भित्र राय/सुझाव/प्रतिक्रिया/टिप्पणी उपलब्ध गरीदिने व्यवस्थाका लागि माननीय अध्यक्षज्यूको निर्णयानुसार अनुरोध गरिन्छ।

सुझाब पठाउने ठेगाना -:

| पत्राचार ठेगाना | इमेल ठेगाना |
|---|---|
| राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाडौं, नेपाल । | info@nnrfc.gov.np, |

(होमनाथ पौडेल)
सहसचिव प्रा.

सादर अवगतार्थः
माननीय अध्यक्षज्यू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार ।

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

National Natural Resources and Fiscal Commission


प.सं. ०८०/८१

च.नं./Ref: ५६८

२ 'प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँडको विद्यमान संरचनाको पुनरावलोकन सम्बन्धी अध्ययन प्रतिवेदन' को मुख्य सारसंक्षेप

तहगत सरकारबीच प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको लागि भएको विद्यमान अनुपातको पुनरावलोकन गरी नयाँ अनुपातको सुझाव गर्ने उद्देश्यका साथ गरिएको अध्ययनले अन्तर्राष्ट्रिय सिद्धान्तकानून र अभ्यासका साथै नेपालको संविधान ,, राष्ट्रिय कानूनहरु र अभ्यास, तहगत सरकार र सरोकारवालासंगको अन्तरक्रिया स्वतन्त्र विषय विज्ञसंग गरिएको परामर्श र आयोगको सुझाव समेतको , आधारमा देहाय बमोजिमको परिमार्जित अनुपात प्रस्ताव गरेको छ ।

**क) क प्राकृतिक स्रोत रोयल्टी बाँडफाँटको निम्ति प्रस्तावित अनुपात (प्रतिशतमा)**

| | रोयल्टीको स्रोत | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|
| १ | पर्वतारोहण | ४९.० | २२.५ | २८.५ | १०० |
| २ | विद्युत | ४५.५ | २३.० | ३१.५ | १०० |
| ३ | (क( राष्ट्रिय वन | २२.५ | ४८.० | २९.५ | १०० |
| | (ख( संरक्षित क्षेत्र | ४७.५ | २२.० | ३०.५ | १०० |
| ४ | खानी तथा खनिज | ३८.५ | २८.० | ३३.५ | १०० |
| ५ | रेडियो फ्रिक्वेन्सी | ५५.५ | २०.० | २४.५ | १०० |

विद्यमान कानूनमा तहगत सरकारबीच रोयल्टी बाँडफाँडको अनुपात सबै प्राकृतिक स्रोतको लागि समान रहेको तर अध्ययनबाट प्रस्तावित अनुपात प्राकृतिक स्रोत बमोजिम फरक फरक रहेको ।

**ख** विद्युत प्रसारण लाइनको प्रभावको सम्बोधनको निम्ति विद्युत क्षेत्रबाट प्राप्त कुल रोयल्टीको २० प्रतिशत अंश छुट्टयाइ विद्धुत प्रसारण लाइनबाट प्रभावित हुने स्थानीय तहलाई आयोगको सिफारिस बमोजिम प्रभावित भएको अनुपातमा सम्बन्धित स्थानीय तहलाई बाँडफाँड गर्नुपर्नेछ ।बाँकी ८० प्रतिशतलाई १०० प्रतिशत मानी खण्ड क) बमोजिम बाँडफाँड गर्नुपर्नेछ ।

२०८१/०१/२८


सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२००५९२, फ्याक्स: +९७७-१-४२००५९३

Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593

E-mail: info@nnrfc.gov.np, Website:www.nnrfc.gov.np

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission

प.सं. ०७९/८०
च.नं./Ref: ४६८

## संलग्न अनुसूची

### १ प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धी विद्यमान कानूनी प्रावधान

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा २ मा पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत हिस्सा नेपाल सरकारलाई, २५ प्रतिशत हिस्सा सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत हिस्सा सम्बन्धित स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको ।

**अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

यस ऐनले प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरेको छ:

(१) **दफा ७ को उपदफा (१)**: नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच संघीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नेछ ।

(२) **दफा ७ को उपदफा (२)**: दफा ७ को उपदफा (१) बमोजिमको कोषमा रहेको रोयल्टीको बाँडफाँट नेपाल सरकारले अनुसूची-४ बमोजिम वार्षिक रूपमा गर्नेछ ।

(३) **दफा ७ को उपदफा (३)**: दफा ७ को उपदफा (२) बमोजिम बाँडफाँट भएको रकम मध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम संघीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइनेछ ।

(४) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४:

प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)

| क.सं. | रोयल्टी शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

(५) अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची–४ को द्रष्टव्य

१: नेपाल सरकारले आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ ।

२: यस अनुसूची बमोजिम नेपाल सरकार प्रदेश र स्थानीय तहलाई गरिने **प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ** ।

२०७९।०४।२८

सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२००५९२, फ्याक्स: +९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website:www.nnrfc.gov.np